# भारत हुँदै तेस्रो मुलुक जाँदा एनओसी लिएर मात्रै जान दूतावासको आग्रह



■ सौर्य समाचार

काठमाडौँ । नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले भारत हुँदै एनओसीको आवश्यक पर्ने मुलुकको भ्रमणमा जाँदा वैदेशिक रोजगारी विभागद्वारा जारी भएको आधिकारिक श्रम स्वीकृति वा दूतावासद्वारा जारी भएको एनओसी लिएर मात्रै यात्रा गर्न अनुरोध गरेको छ ।

भारतीय विमानस्थल हुँदै मध्यपूर्वका मुलुकहरूको भ्रमणमा जान नक्कली श्रम स्वीकृति देखाई अध्यागमन पार गर्न खोज्नेको संख्या बढ्न थालेपछि नेपाली पनि अलपत्र पर्न सक्ने भन्दै नेपाली राजदूतावासले श्रम स्वीकृति वा एनओसी लिएर मात्रै यात्रा गर्न अनुरोध गरेको हो । 'पछिल्लो समयमा भारतीय विमानस्थल हुँदै मध्यपूर्वका केही मुलुकहरूको भ्रमणमा जान नक्कली श्रम स्वीकृति र एनओसी देखाई अध्यागमन पार गर्न खोज्नेको संख्या बढिरहेको जानकारी भारत सरकारका सम्बन्धित निकायहरूबाट प्राप्त हुन आएको छ । यसैगरी, नक्कली कागजात प्रयोग गर्न खोज्ने व्यक्तिहरूलाई भारतीय अध्यागमन अधिकारीले विमानस्थलबाट नियन्त्रणमा लिई प्रहरी हिरासतमा पठाइएका व्यक्तिहरूको संख्यामा पनि सोही अनुरुप वृद्धि हुँदै गइरहेको सूचनाप्रति यस राजदूतावासको ध्यानाकर्षण भएको छ,' सूचनामा भनिएको छ ।

दूतावासले एनओसीको आवश्यकता पर्ने देशहरूको सूची, एनओसी प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया, पेस गर्नुपर्ने कागजातहरू र बुझाउनुपर्ने दस्तुरसम्बन्धी विस्तृत जानकारी राजदूतावासको वेबसाइटमा प्राप्त गर्न सकिने समेत जनाएको छ ।

# प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग इयूको प्रतिनिधिमण्डलको भेट

■ सौर्य समाचार

काठमाडौँ । प्रधानमन्त्री केपी शर्मा ओलीसँग युरोपियन युनियनको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा नेपालका लागि युरोपियन युनियनका राजदूत भेरोनिक लोरेन्जोसहित काठमाडौँस्थित राजदूत र भारतको नयाँ दिल्लीस्थित गैरआवासीय राजदूतहरूको उपस्थिति थियो ।

यही जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा सम्पन्न सगरमाथा संवादका लागि पहिलो पटक युरोपियन युनियनका यति धेरै राजदूतहरू एकै पटक नेपाल आएका हुन् । भेटमा नेपाल र युरोपियन युनियनबीचको ५१ वर्षदेखिको कूटनीतिक सम्बन्धको स्मरणसहित नेपालको स्थायित्व, आर्थिक विकास, सुशासनका लागि सहकार्यका विषयमा विमर्श भएको थियो । प्रधानमन्त्री ओलीले नेपालले सशस्त्र द्वन्द्व, शान्तिपूर्ण जनआन्दोलन र शान्ति वार्ताका चरण हुँदै संविधानसभाबाट नयाँ संविधान जारी गरेपछि आर्थिक विकास र सुशासनका क्षेत्रमा गति लिएको जानकारी गराए । 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' भन्ने भावलाई आत्मसात् गर्दै नेपालको भारत र चीन दुवै छिमेकीसँग नजिकको सम्बन्ध रहने र अन्य मुलुकसँग मित्रवत् सम्बन्ध रहने बताउँदै उनले सगरमाथा संवादको पहिलो शृंखलामा सहभागिताका लागि सबैलाई धन्यवाद दिए ।



युरोपियन युनियनका राजदूतहरूले नेपालको आर्थिक–सामाजिक विकासका प्रयासमा साथ दिँदै शिक्षा, पूर्वाधार, स्वास्थ्य, हरित ऊर्जा, सूचना प्रविधि र जलवायु परिवर्तनका क्षेत्रमा सहयोगको निरन्तर हुने बताएका थिए । उनीहरूले नेपालले संक्रमणकालीन न्यायलाई अन्तिम टुंगोमा लान थालेका खुसी व्यक्त गर्दै पीडितका मुद्दालाई केन्द्रमा राख्न आग्रह गरेका थिए ।

यसैबीच, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग पनि इयूको प्रतिनिधिमण्डलले भेट गरेको छ । मन्त्रालयमा भएको भेटमा नेपाल र युरोपियन युनियन एवं युनियनका सदस्य राष्ट्रहरूको सम्बन्धका विविध विषयहरूका साथै आपसी हित र साझा चासोका विषयमा कुराकानी भएको थियो ।

त्यस अवसरमा मन्त्री डा राणाले नेपालको आर्थिक, सामाजिक क्षेत्रमा युरोपियन युनियन र यसमा आबद्ध राष्ट्रहरूले पुर्‍याउँदै आएको सहयोगप्रति धन्यवाद दिइन् । उनले सगरमाथा संवादमा युरोपियन युनियनका सदस्य राष्ट्रहरूका तर्फबाट भएको सहभागिताका लागि पनि धन्यवाद ज्ञापन गरिन् । मन्त्री राणाले पछिल्लो समयमा नेपाल जलवायु परिवर्तनको असरबाट अकल्पनीय रुपमा पीडित भइरहेको र नेपालले अन्तर्राष्ट्रिय रूपमा जलवायु न्याय माग गरिरहेकाले नेपालको यस अभियानमा साथ र सहयोगका लागि युरोपियन युनियनका सदस्य राष्ट्रहरूलाई आग्रह गरिन् ।

# गणतन्त्र दिवस ३ दिन मनाइने

■ सौर्य समाचार

काठमाडौँ । गणतन्त्र दिवस, २०८२ भव्यताका साथ मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा गृह मन्त्रालयबाट प्रस्तुत समारोह समिति गठन र दिवसको कार्यक्रमसम्बन्धी प्रस्तावहरू छलफलसहित पारित भएको हो ।

मूल समारोह समितिमा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्रीहरू, काठमाडौँ महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति, ललितपुर महानगरपालिकाका प्रमुख, नेपाल सरकारका विशिष्टश्रेणीका राजपत्रांकित अधिकृतहरू, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरीका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, काठमाडौँ उपत्यकाका नगरपालिकाका प्रमुखहरू सदस्यहरूसहित गृह मन्त्रालयका सचिव सदस्यसचिव छन् ।

बैठकले जेठ १५ को गणतन्त्र दिवसका लागि जेठ १४, १५ र १६ गते हरेक दिन साँझ सबै सार्वजनिक निकायमा दीप प्रज्ज्वलनसहित त्रि–दिवसीय रूपमा मनाउन केन्द्र, प्रदेश र स्थानीय तहका तिनै तहका सरकार र सम्बन्धित निकाय र निजी क्षेत्र र संघ–सस्थालाई समेटेर तहगत समिति र उपसमितिहरू गठन गरिएको छ ।



यस्तै, विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा पनि कार्यक्रम तय गरिएको छ । जेठ १५ गतेको मुख्य कार्यक्रम सैनिक मञ्च टुँडिखेलमा मूल समारोह समितिको कार्यक्रम हुनेछ । प्रधानमन्त्री ओलीले गणतन्त्र दिवसलाई भव्यताका साथ जनस्तरमा समेत मनाउन आह्वान गर्दै यसलाई केवल औपचारिकतामा सीमित नराख्न आग्रह गरेका छन् ।

# टिआरसीसम्बन्धी २ आयोगका अध्यक्षले लिए शपथ

■ सौर्य समाचार

काठमाडौँ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगकी अध्यक्ष लीलादेवी गड्तौला र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष महेश थापालाई पद तथा गोपनीयताको शपथग्रहण गराएका छन् ।

सर्वोच्च अदालतमा सोमबार आयोजना गरिएको कार्यक्रममा प्रधानन्यायाधीश राउतले दुवै आयोगका अध्यक्षहरूलाई शपथ गराएका हुन् । प्रधानन्यायाधीशले २ आयोगका अध्यक्षहरूलाई शपथ गराएपछि उनीहरूले आ–आफ्ना आयोगका सदस्यलाई पद तथा गोपनीयताको शपथ गराए । सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा थापा तथा सदस्यमा अचुतप्रसाद भण्डारी, डा टीकाप्रसाद ढकाल, पदमबहादुर शाही र कुमारी कौशल्य ओझा नियुक्त भएका थिए ।

त्यस्तै, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा गड्तौला तथा सदस्यमा गोपालनाथ योगी, अग्निप्रसाद थपलिया, सिर्जना पोखरेल र विनिता नेपाली नियुक्त भएका थिए । मन्त्रिपरिषद्को बैठकले यही जेठ १ गते दुवै आयोगका लागि अध्यक्ष तथा सदस्यहरू नियुक्त गरेको थियो ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित सिफारिस समितिको सिफारिसबमोजिम दुवै आयोगका अध्यक्ष र सदस्य नियुक्त भएका हुन् ।

## नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

**मिति : २०८२/०२/०६**

महालक्ष्मी नगरपालिका वडा नं.७ (साविक टिकाथली गाविस वडा नं.९) कित्ता नं. १३१३, १३१८ र १४७३ को क्रमशः क्षेत्रफल ४१.८१ ब.मि., २५.७१ ब.मि. र १०३.२५ ब.मि. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८२/०१/१९ मा महालक्ष्मी नगरपालिका कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपशिलमा उल्लेखित संधियारहरुसँग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।
उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं साँधसँधियारलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिकाको ७ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सूचित गरिन्छ । म्यादभित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल :** **दक्षिण तर्फ : कि.नं. १०१८**

**महालक्ष्मी नगरपालिका कार्यालय**
**७ नं. वडा कार्यालय, चाङ्गाथली, ललितपुर ।**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/०२/०६

यस कम्पनीको मिति २०८१।०९।१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सदा शिक्षा निकेतन झापा (दर्ता नं.११८३३१)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।१०।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अल्पाइन लाइफ स्कुल** कायम गरिएको व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/०२/०६

यस कम्पनीको मिति २०८१।१२।०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **डाइनामिक एकेडेमी कैलाली (दर्ता नं.७११२७)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।१२।०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **माता पार्बती विद्यामन्दिर** कायम गरिएको व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

***गण्डकी प्रदेश सरकार***
***भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय***
***पूर्वाधार विकास निर्देशनालय***
***पोखरा, कास्की***

## प्रस्ताव स्वीकृतिका लागि आशयको सूचना प्रकाशन सम्बन्धमा

***प्रकाशित मिति :२०८२/०२/०६***

यस निर्देशनालयबाट मिति २०८१/११/२३ मा प्रकाशित बिभिन्न परामर्श सेवाको लागि गरिएको प्रस्ताव आव्हान सम्बन्धी सूचना अनुसार हार्ड कपी मार्फत मिति २०८१/१२/१० गते १२.०० बजे सम्म दर्ता हुन आएका प्रस्तावदाताहरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्यांकन बाट उच्चतम कुल अंक प्राप्त गरी सारभुतरुपमा प्रभावग्राही भएको प्रस्तावदाताहरुको नाम र कबोल रकम सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण कार्यालयको वेवसाइट www.idd.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ ।

## Invitation for Bids

**Shree Annapurna Bagdhan Ranadeepa Rai Secondary School**
**Temkemaiyung Rural Municipality**
**Annapurna, Bhojpur, Koshi Province**
**Date of publication: 2082/02/06 (2025/05/20)**

1. **Shree Annapurna Bagdhan Ranadeepa Rai Secondary** School invites sealed quotation from Nepalese eligible bidders for the following works under Sealed Quotation bidding procedures specified in Public Procurement Act and Regulations. Bidding is open for all eligible Nepalese Bidders.

| S. N. | Contract ID. No. | Description of work | Estimated Amount (NRs) (With VAT) | Cost of Bid Document | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/TRM/ABRR/ BLD/SQ/081/82 | Infrastructure Development for Annapurna Bagdhan Ranadeepa Rai Ma.Vi. Model School Programme (Package II) | NRs. 11,64,000.90 | NRs.1,000 | NRs. 30,000 | 45 days | 75 days |

2. Sealed bids must be submitted to Shree Annapurna Bagdhan Ranadeepa Rai Ma.Vi., Annapurna, Bhojpur by hand on or before 12:00 hour on 2082/02/021 (2025/06/04). Bid received after this deadline will be rejected.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Shree Annapurna Bagdhan Ranadeepa Rai Ma.Vi., Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur. *E-Mail address:-annapurnabagdhan@gmail.com, Contact Numbers :- 9841982509, 9842109209*

Principal

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ६ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : डुम्रे शाखा**

| ऋणीको विवरण |
|---|
| तप बहादुर मगरको छोरी भिम बहादुर गुरुङको बुहारी शीतल गुरुङको पत्नी लमजुङ जिल्ला मध्य नेपाल न.पा. वडा नं. ५ हाल, तनहुँ जिल्ला आँबुखैरेनी गा.पा. वडा नं. २ बस्ने **सकुन्तला गुरुङ** (ना.प्र.नं. ४५-०१-७४-००३७४ जारी मिति र जिल्ला : २०७४/०२/०२, लमजुङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) कुम्भ सिं गुरुङको नाति भिम बहादुर गुरुङको छोरा लमजुङ जिल्ला समीभन्ज्याङ वडा नं. २ हाल, तनहुँ जिल्ला आबुखैरेनी गा.पा. वडा नं.२ बस्ने **शीतल गुरुङ** (ना.प्र.नं. ५६९५२ जारी मिति र जिल्ला : २०६२/०९/११, लमजुङ) |
| २) कुल बहादुर मगरको नाति तप बहादुर मगरको छोरा तनहुँ जिल्ला आबुखैरेनी गा.पा. वडा नं. ६ हाल, वडा नं. २ बस्ने **अभिषेक थापा मगर** (ना.प्र.नं. ४३-०१-७२-०७९०४ जारी मिति र जिल्ला : २०७२/११/२८, तनहुँ) |

**२) शाखा कार्यालय : डुम्रे शाखा**

| ऋणीको विवरण |
|---|
| मकर बहादुर बुढाथोकीको छोरी आईतमान थामीको बुहारी नरेश कुमार थामीको पत्नी रामेछाँप जिल्ला चनखु वडा नं. ३ हाल, गोरखा जिल्ला पालुङ्गटार न.पा. वडा नं. ५ बस्ने **बिन्दा बुढाथोकी** (ना.प्र.नं. : २११०३७/२२५३९ जारी मिति र जिल्ला : २०६८/०१/२२, रामेछाँप) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| लाहुरे थामीको नाति आईतमान थामीको छोरा दोलखा जिल्ला सुष्माक्षमावती वडा नं. ६ हाल, गोरखा जिल्ला पालुङ्गटार न.पा. वडा नं. ५ बस्ने **नरेश कुमार थामी** (ना.प्र.नं. : २२७५२ जारी मिति र जिल्ला : २०५८/०९/०६, दोलखा) |

**३) शाखा कार्यालय : गोपिगंज शाखा**

| ऋणीको विवरण |
|---|
| चन्द्रकान्त मिश्रको छोरी भागवत पाण्डेयको बुहारी बिधि नारायण पाण्डेयको पत्नी नवलपरासी जिल्ला भुजहवा वडा नं. ३ हाल, सरावल गा.पा वडा नं. ७ बस्ने **लक्ष्मी देवी पाण्डेय** (ना.प्र.नं. : १०१६ जारी मिति र जिल्ला : २०५४/१२/०९, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| बाबु राम पाण्डेयको नाति भागवत पाण्डेयको छोरा नवलपरासी जिल्ला भुजहवा वडा नं. ३ हाल, सरावल गा.पा वडा नं. ७ बस्ने बिधि **नारायण पाण्डेय** (ना.प्र.नं. : ३५ जारी मिति र जिल्ला : २०४४/१०/२३, नवलपरासी) |

**४) शाखा कार्यालय : गोपिगंज शाखा**

| ऋणीको विवरण |
|---|
| राम कमलको छोरी कन्हई कहारको बुहारी बद्धिराम कहारको पत्नी नवलपरासी जिल्ला सरावल गा.पा वडा नं. ६ बस्ने **मन्जु देवी कहार** (ना.प्र.नं. : ३६-०१-७७-०१९५७ जारी मिति र जिल्ला : २०७७/०७/२४, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) गणेश कहारको नाति कन्हई कहारको छोरा नवलपरासी जिल्ला रामपुर ख. वडा नं. ९ हाल, सरावल गा.पा वडा नं. ६ बस्ने **बुध्दिराम कहार** (ना.प्र.नं. : ३६१० जारी मिति र जिल्ला : २०६८/१२/०५, नवलपरासी) |
| २) भगवन्तको छोरी कनहई कहारको बुहारी लल्लन कहारको पत्नी नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स ९ हाल, सरावल गा.पा वडा नं. ६ बस्ने **बन्दना कहार** (ना.प्र.नं. : ३६-०१-७३-०४०७२ जारी मिति र जिल्ला : २०७३/०५/३१, नवलपरासी) |

**५) शाखा कार्यालय : गोपिगंज शाखा**

| ऋणीको विवरण |
|---|
| फौज्दार चौधरीको बुहारी तुफानी चौधरीको पत्नि नवलपरासी जिल्ला रामपुर खडौना वडा नं. ९ हाल, सरावल गा.पा वडा नं. ६ बस्ने **माया देवी चौधरी** (ना.प्र.नं. : ७४७ जारी मिति र जिल्ला : २०४६/११/०३, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| फौज्दार चौधरीको नाति तुफानी चौधरीको छोरा नवलपरासी जिल्ला रामपुर खडौना वडा नं. ९ हाल, सरावल गा.पा वडा नं. ६ बस्ने **संजय कुमार चौधरी** (ना.प्र.नं. : ३६३०५१/५०६ जारी मिति र जिल्ला : २०६३/११/०१, नवलपरासी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ